## मिति २०८१/१०/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को अन्तिम नतिजा सम्बन्धमा ।
२. नदीजन्य पदार्थ ठेक्का व्यवस्थापन सम्बन्धमा ।
३. नदी/खोलाको आईइइ गर्ने सम्बन्धमा ।
४. डोहोटे अस्थायी प्रहरी पोष्ट स्थापना सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

### निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को अन्तिम नतिजा कार्यपालिकाको बैठकबाट निर्णय गरी माघको पहिलो हप्तामा सार्वजनिक गर्ने व्यवस्था रहेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट मिति २०८१ माघ २९ गते सम्म म्यादथप भएकोले उक्त समयावधि भित्र यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लिजा र एफआरएको सूचकगत रुपमा थप राख्नु पर्ने प्रमाण भए राखी पुनः अध्ययन गरी अर्को कार्यपालिका बैठकमा पेश गरी सो पश्चात तोकिएको समयावधि भित्र सार्वजनिक गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिका क्षेत्र भित्रका विभिन्न नदी/खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको लागि भएको आईइइ अनुसारको क्षेत्रको जिल्ला अनुगमन समिति तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट समेत अनुगमन भएकोमा हाल सम्म राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमती प्राप्त नभएको अवस्था छ । सडक डिभिजन कार्यालय शिवपुर कपिलवस्तुको च.नं. २८४ मिति २०८१/९/१४ गतेको पत्रबाट प्राथमिकता प्राप्त (P1) आयोजना Construction of Blacktop Road with Cross and Side Drainage Works on Krishnanagar - Sirsihawa- Balanagar- Laalpur-Jhulaniya-Choraha, Kapilvastu (0+000 to 7+500 Km) सडकको लागि निर्माण व्यवसायी श्री कश्यप- महेश- सत्यवती जे.भी.बर्दघाट नवलपरासीलाई पायक पर्ने खोलाबाट नियमानुसारको राजश्व रकम लिई वेस र सव- वेसको लागि आवश्यक पर्ने ११००० घ.मी. नदीजन्य पदार्थ उपलब्ध गराई दिन भनि लेखिआएकोमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमति प्राप्त हुनासाथ सहमती अनुसारको परिमाण अर्थात ११००० घ.मी. भित्र रहेर यस नगरपालिकाको वडा नं. ११ मा पर्ने सुकवेल र बहवेल गन्धेला खोलाबाट प्रदेश सरकाको आर्थिक ऐनमा चालु आ.व.को लागि तोकेको दरले राजश्व रकम लिई उपलब्ध गराउने र अन्य नदी/खोला तथा घाट क्षेत्रको प्रदेश सरकारको आर्थिक ऐनमा चालु आ.व.को लागि तोकिएको दरले हिसाव गरी ठेक्का अङ्क कायम गरी तपशिल बमोजिमका शर्त उल्लेख गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

शर्तहरु

१. संघीय सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै सर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाहि गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र/दरभाउपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार सर्त तथा बन्देजहरु समेत राखिनेछ ।

३. प्राकृतिक स्रोतको मुल्य तराई क्षेत्र संग सिमाना जोडिएको क्षेत्रमा प्रती क्यू फिट ८।- र पहाडि क्षेत्रको लागि प्रति क्यू फिट रु ६।- का दरले राजश्व असुल गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्रमा उन्लेखित न्यूनतम ठेक्का अङ्कमा मूल्य अभिवृद्धि कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिएवमोजिम मूल्य अभिवृद्धि कर थप गरी रोयल्टी असुल गर्नु पर्नेछ । बोलपत्र /दरभाउपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. बोलपत्र/दरभाउपत्र स्वीकृत भएपश्चात सूचना पाएको वा पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ । यदि कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङ्कको ५०%, अग्रीम आयकर र मु.अ.कर बुझाई बाँकी रकम बरावरको नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । वाकी रकम कुल संझौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैंक जमानतबाट असुल गरिने छ ।

५. ठेकेदारले नदीजन्य पदार्थ बिक्री गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलब्ध गराउनु पर्नेछ । कुनै आयोजना वा संस्थाले मात्र पाउने गरी बिक्री गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणीत नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाईएको रेखाङकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुनेगरी उत्खनन् गरेको पईएमा पहिलो पटक रु.२०,०००।- पुनः दोहोरीएमा रु.४०,००० जरिवाना र पटकै पिच्छे दोहोरिएमा जमानत जफत गरी ठेक्का तोडन सकिने छ ।

७. प्राकृतीक श्रोत शुल्क (रोयल्टी) तोकिएको स्थानबाट मात्रै असुली गर्नु पर्नेछ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाइने छैन साथै संकलन, उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि र दर रेट सहितको होडिंग बोर्ड आयोजना स्थलमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

९. बिक्री भएको परिमाणको विवरण खुल्नेगरि प्रत्येक १५ दिनमा नगरपालिकावाट तोकिएको ढाँचामा यस कार्यालयमा बिक्री सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाल्न पाइने छैन । संकलन गर्ने कार्य कामदारबाट घरेलु उपकरणको प्रयोग गरि गराउनु पर्नेछ । घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

११. घाटहरुमा बिक्री हुने वालुवा गिट्टी, ढुंगा, मिस्कटको परिमाण उल्लेख भएको नगदि रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ । वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाशि गर्ने चलन चल्तीको बाटो बाहेक नया बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयम आफैले गर्नुपर्ने छ । खर्चको दावि गर्न पाईने छैन ।

१२. बस्ती क्षेत्रमा हर्न वजाउन साथै हावा चलेको, बाढी आएको समयमा उत्खनन्, संकलन गर्न पाईने छैन साथै स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्यमा लगाउनुपर्ने छ । कामदारको लागी प्राथमिक उपचार र माक्सको व्यवस्था मिलाउनु पर्ने छ ।

१३. खोला/नदीको घाट वा आकृति विग्रनेगरि नदी किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड फोड गर्न पाईने छैन । तोकिएको अवधि सम्म तोकिएको परिणाम बिक्री हुन नसकेपनि सो को जिम्मेवार स्वयम व्यवसायि हुनुपर्नेछ । कवोल गरेको रकममा छुट दावा गर्न पाईने छैन ।

१४. ठेक्का समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटि रकम फिर्ता दिईने छ ।

१५. ठेकेदारले ढुङगा, गिट्टी, वालुवा, ग्रावेल संकलन/उत्खनन् कार्य गर्दा गराउदा सम्बन्धित खोला/नदीको स्वीकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) सर्त पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले बेहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबट नदीजन्य पदार्थ झिक्न पाईने छैन् ।

१६. खोला/नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१७. नदिजन्य पदार्थ संकलन तथा उत्खनन्को लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकाशि भएको भनी प्राविधिकबाट नापजाँच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदि रसिदको आधारमा तोकिएको परिमाण निकासी भएको पाइएमा जुनसुकै समयमा पनि ठेक्का समाप्त गर्न सकिने छ ।

१८. ढुङगा, गिट्टी,वालुवा, मिस्कटको उत्खनन्, संकलन तथा ढुवानी गर्दा गराउँदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्राबधानको पालना गर्नु पर्नेछ ।

१९. बोलपत्र/दरभाउपत्र खरिदको लागि आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण पत्र, मु अ कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको फोटोकपि संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

२०. यो सूचनामा उल्लेख भएका शर्तहरु यस वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट हाते औजार र श्रममूलक प्रविधिको प्रयोग गरी निकाल्नु पर्नेछ । तर श्रममुलक प्रविधिको प्रयोगबाट मात्र उत्खनन् गर्न नसकिने अवस्था देखिएमा आवश्यकता र औचित्यता हेरी सम्झौता अवधि भित्र बढीमा १५ दिन मेशिन प्रयोग गर्न नगर प्रमुखले

लिखित अनुमती दिन सक्ने छ । मेशिन प्रयोगको अनुमती पाएको अवधी पश्चात ठेक्का अवधी बाँकी भएता पनि उत्खनन् कार्य समाप्त भएको मानिने छ ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राभिकार भित्र रहेका तपशिलको नदी खोलाको विभिन्न क्षेत्र तथा घाटको प्रारम्भिक वातावरणीय परिक्षण (आईइइ) गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) शि.न.पा. १४ वाणगंगा खोला मुन्द्रिवास कुसुमघाट क्षेत्र

(ख) शि.न.पा. ८ राप्ती नदी, बरारुख क्षेत्र र राप्ती नदी/ सिलिङ्गखोला दोभान क्षेत्र

(ग) शि.न.पा. ११ ताताखोला मौवाबारी क्षेत्र

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सन्धिखर्क गोरुसिंगे सडक खण्डको ठाडा देखि पत्थरकोट सम्मको सडकको २७ कि.मी.को दुरीमा कुनै पनि प्रहरी इकाई नरहेकोले उक्त सडक खण्डमा सडक दुर्घटना न्यूनिकरण लगायत अन्य अपराधिक कियाकलाप नियन्त्रण गर्नुका साथै वडा नं. ११, १२ र १३ को विभिन्न स्थानहरुमा विशेष गरेर डोहोटे क्षेत्रमा शान्ति सुरक्षा प्रदान गर्न शितगंगा नगरपालिका वडा नं. १२ स्थित डोहोटेमा हाललाई अस्थायी प्रहरी पोष्ट स्थापना गर्नु पर्ने आवश्यक्ता रहेकोले उक्त स्थानमा अस्थायी प्रहरी पोष्ट निर्माणको लागि जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क)** यस नगरपालिकाका विभिन्न वडाका वडाबासीहरु विभिन्न किसिमबाट अपाङ्ग अवस्थामा पुगी अपाङ्ग सहायक सामग्रीहरु प्रयोग गर्नु पर्ने अवस्था आएकोले तपशिलका व्यक्तिहरुलाई एक/एक थान अपाङ्ग सहायता सामग्री हुइल चियर उपलब्ध गराउने ।

**तपशिल**

१. लोक बहादुर सारु शिनपा ९
२. ज्ञान बहादुर राना शिनपा १२
३. भिमा पेङ्गनी शिनपा ६
४. बसन्त प्रसाद पौडेल शिनपा १३
५. कविता राउत शिनपा १३
६. शोभा खत्री शिनपा २
७. तुलसा बेल्वासे शिनपा ७

(ख) शिनपा १३ खोल्टेपानी टावर औद्योगिक ग्राम सिमलपानी खा.पा. योजनाको लागि बाटो निर्माणको लागि कन्टिन्जेन्सीबाट रु १,५०,०००।- विनियोजन गर्ने ।

(ग) सुपादेउराली मन्दिर आसपासमा रहेका टंकीको राजश्व प्रति महिना प्रति टंकी रु ५०० का दरले मन्दिरको मुलढोकालाई सिमाना मानी यस नगरपालिका क्षेत्रमा रहेका टंकीको राजश्व उठाउने । त्यसै गरी फलाचौर क्षेत्रमा रहेको मनोरञ्जन पार्क को समेत प्रदेश आर्थिक ऐन २०८१ को अनुसूची ३ को मनोरञ्जन कर को सि.नं. ४ मा भएको व्यवस्था अनुसार प्रति टिकट ५ प्रतिशतका दरले मनोरञ्जन कर संकलन गर्ने ।

(घ) प्रा.स्वा. केन्द्र ठाडाको स्वीकृत दरवन्दी संरचना अनुसार संघीय सशर्त अनुदान तर्फ रहेको मेडिकल अधिकृतको दरवन्दी खाली रहेकोले उक्त दरवन्दीमा स्थायी मेडिकल अधिकृत नआएसम्म करार सेवाबाट नियुक्त गर्न सूचना प्रकाशन गर्ने । सूचना प्रकाशन गर्दा मोष्ट मार्टम गर्ने तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिन सकिने व्यहोरा उल्लेख गर्ने र संघीय करार नियुक्ति नभए सम्मको लागि मात्र यस पालिकाले करारमा नियुक्त गरेको डाक्टरलाई दिदै आएको सुविधालाई निरन्तरता दिने गरी करार अवधि थप गर्ने ।

(ङ) कार्यपालिका सदस्य श्री बोम बहादुर वि.क.लाई विभिन्न रोगलागी लामो समय देखि उपचार गराई रहेको र आर्थिक अवस्था समेत कमजोर भएकोले रु २५,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

(च) यस नगरपालिकाको वडा नं. ९ विसमुरे निवासी अस्मिता खड्काको श्रीमान विष्णु बहादुर रावतले आत्महत्या गरी मृत्यु भएको र निज आर्थिक अवस्था समेत निकै कमजोर भएकोले पोष्टमाटम गर्दा रु २५,०००।- एम्बुलेन्स खर्च भएको हुदाँ उक्त एम्बुलेन्स खर्च रकम निजको श्रीमतीलाई उपलब्ध गराउने ।

(छ) पूर्व निर्णय अनुसार वडा नं. ९ र ५ को एम्बुलेन्स मर्मत गर्दा लाग्ने खर्च कन्टिन्जेन्सीबाट भुक्तानी दिनको लागी कार्यविधि निर्माण गरी कार्यक्रम पारित गर्ने ।

(ज) वडा नं. ९ को वडा कार्यालयमा इन्टरनेट जडान गर्दा भएको खर्च कन्टिन्जेन्सीबाट भुक्तानी दिने ।

(झ) वडा नं. ६ मा संचालन हुन लागेको आखा लगायतको स्वास्थ्य शिविर संचालनमा हुने खर्च रु २५,०००।- मा नबढ्ने गरी गर्ने र उक्त रकमको सिमा भित्र रही खर्च भएको रकम विल भरपाईका आधारमा भुक्तानी दिने

(ञ) यस नगरपालिकाको वडा नं. ६ र ७ को लागि बुटवल रोट्रीक्लवअफ चौतारीले दिन लागेको एम्बुलेन्स हस्तान्तरण कार्यकममा हुने खर्च बढीमा २५,०००।- को सिमा भित्र रही खर्च गर्ने र सो कार्यकममा हुने खर्चका विल भरपाईका आधारमा उल्लेखित सिमाभित्रको रकम भुक्तानी दिने ।

(ट) बोक्सेचौर कालाखोला ट्रष्टबृज शिनपा ६ निर्माणको लागि प्राथमिकता कममा समावेश गरी माग गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमाणित प्रतिलिपि